श्री

उच्च अदालत जनकपुर

संयुक्त इजलास

इजलास नं. १

माननीय मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल

माननीय न्यायाधीश श्री ओम प्रसाद अर्याल

**फैसला**

निर्णयनं.-३८५

मुद्दा.नं.-०८०-CS-०४५९

रजिष्ट्रेशन नः-३६-०७९-०५५३८

**मुद्दा : लागू औषध।**

जिल्ला सिरहा, मक्सापुर गा.वि.स वडा नं.६ परिवर्तित गोलबजार नगरपालिका वडा नं.१ घर भई हाल स्थायी जिल्ला धनुषा क्षिरेश्वरनाथ नगरपालिका वडा नं.७ दुर्गाटोल वस्ने विरदेव महतोको छोरा राजकुमार महतो...............................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश सोनिगामाका स.प्र.नि. सागर राई समेतको प्रतिवेदनले नेपाल सरकार..................................................................१ } प्रत्यर्थी वादी

निर्णयनं.-३८६

मुद्दा.नं.-०८०-CS-१०२०

रजिष्ट्रेशन नः-३६-०७९-०५५३८

जिल्ला धनुषा, ईटहर्वा गा.वि.स वडा नं.३ हाल परिवर्तित विदेह नगरपालिका वडा नं.९ मा वस्ने रामजानी नदाफको छोरा गफुर नदाफ..................................१ } पुनरावेदक प्रतिवादी

**विरुद्ध**

सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश सोनिगामाका स.प्र.नि. सागर राई समेतको प्रतिवेदनले नेपाल सरकार..................................................................१ } प्रत्यर्थी वादी

| | |
|---|---|
| शुरू फैसला गर्ने अदालत | श्री धनुषा जिल्ला अदालत |
| शुरु फैसला गर्ने न्यायाधीश | मा.जि.न्या.श्री दुर्गा खड्का |
| शुरु फैसला मिति | २०८०।०३।१८ |
| शुरू मुद्दा नम्बर | ०७९-C१-०३२३ |
| पुनरावेदन दर्ता मिति | २०८०।०९।१७ |

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको क्षेत्राधिकार अन्तर्गत पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर निम्न प्रकरणहरुमा उल्लेख गरिएको छः-**

**तथ्य खण्ड**

१. **बरामदी मुचुल्काः-**जिल्ला धनुषा, औरही गाउँपालिका वडा नं. ६ पोखरभिण्डा स्थित सार्वजनिक वाटोमा प्रतिवादी राजकुमार महतोले लु. ७६ प. २४७० नं.को मोटरसाईकल सोनिगामावाट औरहीतर्फ हाँकी जाँदै गरेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश सोनिगामाको टोलीले फेला पारी रोकी कानूनी रितपूर्वक निज र निज सवार रहेको मोटरसाईकल खानतलासी गर्दा मोटरसाईकलको सिट पछाडि राखिएको ७ Star लेखिएको कलेजी रंगको प्लाष्टिकको बोराभित्र सेतो प्लाष्टिकमा बाँधिएको अवस्थामा प्रतिबन्धित लागु औषध गाँजा जस्तो देखिने चिज ५ के.जी. ITL कम्पनी मोबाईल थान-१ र लु ७६ प २४७० नं. को Honda shine मोटरसाईकल र नागरिकता थान-१ फेला पारेकोमा उक्त लागु औषध, मोटरसाईकल स्थानीय मानिसहरुको रोहवरमा बरामद गरी बरामद दशी सहित मानिस पक्राउ गरी लागेको हो भन्ने व्यहोराको खानतलासी तथा बरामदी मुचुल्का।

२. **प्रहरी प्रतिवेदनः-** मिति २०७९।०९।०८ गते अं.१८:०० बजेको समयमा जिल्ला धनुषा, औरही गाँउपालिका वडा नं.६ पोखरभिण्डास्थित सार्वजनिक सडक खण्डमा सशस्त्र प्रहरी गस्ति टोलीले चेक प्वाईन्ट थापी शंकास्पद मानिसहरु तथा सवारी साधनहरुको चेक जाँच गर्ने क्रममा सोनिगामा तर्फवाट प्रतिवादी राजकुमार महतोले लु.७६ प.२४७० नं.को मोटरसाईकल चलाई औरहीतर्फ आईरहेको अवस्थामा शंका लागी उक्त नं.को मोटरसाईकल रोकी प्रतिवादीको शरीर तथा निज सवार रहेको मोटरसाईकल खानतलासी गर्दा मोटरसाईकलको पछाडि प्लाष्टिकको बोरामा लुकाई छिपाई राखेको अवस्थामा प्रतिबन्धित लागु औषध गाँजा ५ के.जी. फेला परेकोमा सो लागु औषध गाँजा निज सवार रहेको मोटरसाईकल बरामद गरी प्रतिवादीलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि दाखिला गरेको भन्ने व्यहोराको स.प्र.नि.सागर राई समेतको प्रतिवेदन।

३. **प्रतिवादी राजकुमार महतोको वयान कागजः-** म विगत ७/८ बर्षदेखि आफ्नै वडा एरियामा आफ्नै घरमा किराना पसल संचालन गरी आफ्नो तथा परिवारको जिविकोपार्जन गर्दै आईरहेको थिए। विगत ३/४ वर्षदेखि जिल्ला धनुषा औरही गाँउपालिका एकिन वडा थाहा नभएको खरियानीमा बस्ने गफूर मियासँग चिनजान भई मैले किराना सरसामानहरु गफूर मियासँगै लिने गर्दथे। गफुर मियाले दक्षिण भारतबाट किराना सामानहरु खरिद गरी धनुषाको बिभिन्न ठाँउमा बिक्री गर्ने काम गर्दथे। मलाई मेरो

पसलको आम्दानीले मेरो घर खर्च चलाउन तथा ऋण चुक्ता गर्न असम्भव देखेकोले मैले छिटो पैसा कमाउने उपाय सोचिरहेको थिए। सोही क्रममा करिव १५ दिन अगाडि मलाई गफुर मियाले ९८४३१६६३९६ नम्बर बाट टेलिफोन गरी गफूर मियाको घर अगाडिको बजारमा बोलाई लु७६प २४७० नम्वरको मोटरसाईकल र बोरामा ५ के.जी. गाँजा महेन्द्रनगरबाट बोर्डर नजिक खरियानी बजारसम्म पु¥याए बापत रू.४,००० बराबरको चिनी, तेल, अगरबत्ती लगायतका सरसामानहरु खरीद गरी तपाईलाई दिनेछु भनेकोमा मैले सोही अनुसार ६/७ दिन अगाडि उक्त गाँजा बोर्डरसम्म पु¥याएकोमा मैले सोही अनुसारको सामान प्राप्त गरेको थिए। मैले सोही काम मिति २०७९।०९।०८ गते दोस्रो पटक गर्दा जिल्ला धनुषा औरही गाँउपलिका वडा नम्वर ०६ पोखरभिण्डामा सशस्त्र प्रहरी टोलीले मलाई उक्त नम्बरको मोटरसाईलकलमा फेला पारी रोकी म तथा म सवार मोटरसाईकल खानतलासी गर्दा प्रतिवन्धित लाँगु औषध गाँजा ५ के.जी. ,I.T.L. लेखिएको मोवाईल थान-१, नागरिकता थान-१ फेला पारी उक्त लागुऔषध समेत स्थनीय मानिसहरुको रोहवरमा बरामद गरी बरामद दशी सहित मलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि यस कार्यालय दाखिला गरेको हो भन्ने व्यहोराको प्रतिवादी राजकुमार महतोको अधिकार प्राप्त अधिकारी समक्ष भएको वयान।

४. **परीक्षण प्रतिवेदनः-** Tetra-hydrocannabinol, Cannabinol र Cannabidiol गाँजाका प्रमुख तत्वहरु (Principle Constituentrs) हुन् भन्ने व्यहोराको परिक्षण प्रतिवेदन।

५. **घटना विवरण कागजः-** मिति २०७९।०९।०८ गते अं.१८:०० बजेको समयमा म वारदात स्थानमा थिए। उक्त समयमा प्रतिवादी राजकुमार महतो लु.७६प. २४७० नं. को मोटरसाईकलमा सोनिगामावाट औरहीतर्फ जाँदै गरेको अवस्थामा सशस्त्र प्रहरी टोलीले फेला पारी निजमाथि शंका लागी निजको शरीर र निज सवार रहेको मोटरसाईकल खानतलासी गर्दा उक्त मोटरसाईकल पछाडि राखिएको प्लाष्टिकको बोराभित्र प्रतिबन्धित लागु औषध गाँजा ५ के.जी. फेला परेकोमा प्रतिवादीलाई उक्त लागु औषध सम्बन्धमा सोधपुछ गर्दा उक्त लागु औषध र मोटरसाईकल जिल्ला धनुषा, विदेह नगरपालिका वडा नं.०९ खरियानी बजार वस्ने अं.वर्ष ४१ को गफुर नदाफले धनुषा महेन्द्रनगरवाट बोर्डर नजिक खरियानी बजारसम्म पु¥याउन भनेकोले मैले खरियानी बजार पु¥याउन लागेको हो भनि बताएपछि तत्कालै प्रहरी टोलीले पक्राउ गरी उक्त लागु औषध समेत बरामद गरी साथमा लगेको हो। प्रतिवादी तथा घटना वारदातमा संलग्न गफुर नदाफलाई समेत कारवाही होस भन्ने समेत व्यहोराको करिब एकै मिलानको फरक फरक शब्दमा कागज गर्ने जिल ठाकुर, सत्यनारायण सहनी र सन्तोष सहनी समेतले गरेको घटनाविवरण कागज।

६. **अभियोगदावी -**मिति २०७९।०९।०८ गते अं.१८:०० बजेको समयमा जिल्ला धनुषा, औरही गाँउपालिका वडा नं.६ पोखरभिण्डा स्थित सार्वजनिक सडक खण्डमा सशस्त्र प्रहरी गस्ति टोलीले चेक प्वाईन्ट थापी शंकास्पद मानिसहरु तथा सवारी साधनहरुको चेक जाँच गर्ने क्रममा सोनिगामा तर्फवाट प्रतिवादी राजकुमार महतोले लु.७६ प.२४७०

नं.को मोटरसाईकल चलाई औरहीतर्फ आईरहेको अवस्थामा शंका लागी उक्त नं.को मोटरसाईकल रोकी प्रतिवादीको शरीर तथा मोटरसाईकल खानतलासी गर्दा मोटरसाईकलको पछाडि प्लाष्टिकको बोरामा लुकाई छिपाई राखेको प्रतिबन्धित लागु औषध गाँजा ५ के.जी. फेला परेकोमा सो लागु औषध गाँजा निज सवार रहेको मोटरसाईकल बरामद गरी प्रतिवादीलाई पक्राउ गरी आवश्यक कारवाहीको लागि दाखिला गरेको भन्ने व्यहोराको स.प्र.नि.सागर राई समेतको प्रतिवेदन तथा यिनै प्रतिवादीको रोहवरमा बरामद भएको प्रतिबन्धित लागु औषध गाँजा ५ के.जी. ITL कम्पनी मोबाईल थान-१, लु ७६ प २४७० नं. को Honda shine मोटरसाईकल र नागरिकता थान-१ बरामद गरेको भन्ने बरामदी मुचुल्का रहेकोमा अनुसन्धानको क्रममा प्रतिवादी राजकुमार महतोले वयान गर्दा म विगत ३/४ वर्ष देखि जिल्ला धनुषा औरही गाँउपालिका एकिन वडा थाहा नभएको खरियानी बस्ने गफूर मियासँग चिनजान भई निज गफूर मियाले दक्षिण भारतबाट किराना सामानहरु खरिद गरी बिभिन्न ठाँउमा बिक्री गर्ने काम गर्दथे। मलाई मेरो पसलको आम्दानीले मेरो घर खर्च चलाउन तथा ऋण चुक्ता गर्न असम्भव देखेकोले मैले छिटो पैसा कमाउने उपाय सोचिरहेकोमा मलाई निज गफूर मियाले ९८४३१६६३९६ नम्बरबाट टेलिफोन गरी गफूर मियाको घर अगाडिको बजारमा बोलाई लु ७६ प २४७० नम्वरको मोटरसाईकलको बोरामा ५ के.जी. गाँजा महेन्द्रनगरबाट बोर्डर नजिक खरियानी बजारसम्म पुर्‍याए बापत रू.४,००० बराबरको चिनी, तेल, अगरबत्ती लगाएतका सरसामानहरु खरीद गरी तपाईलाइ दिनेछु भनेकोमा मैले सोही अनुसार ६/७ दिन अगाडि उक्त गाँजा बोर्डरसम्म पुर्‍याएकोमा मैले सोही अनुसारको सामान प्राप्त गरेको थिए। मिति २०७९।०९।०८ गते दोस्रो पटक गर्दा जिल्ला धनुषा औरही गाँउपलिका वडा नम्वर ०६ पोखरभिण्डामा सशस्त्र प्रहरी टोलीले मलाई उक्त नम्बरको मोटरसाईलकल फेला पारी रोकी उक्त मोटरसाईकल खानतलासी गर्दा मोटरसाईकलको पछाडि राखेको प्रतिवन्धित लाँगु औषध गाँजा ५ के.जी., फेला पारी उक्त लागु औषध समेत स्थानीय मानिसहरुको रोहवरमा बरामद गरी मलाई पक्राउ गरेको भनी वयान गरेको र प्रहरी प्रतिवेदन समेतलाई समर्थन हुने गरी बुझिएका मानिसहरुले गरी दिएको घटना विवरण कागज एवं बरामद बस्तु परीक्षणको लागि पठाईएको नमुनामा Tetra-hydrocannabinol, Cannabinol र Cannabidiol गाँजाका प्रमुख तत्वहरु हुन् भन्ने व्यहोराको परिक्षण प्रतिवेदन समेतबाट प्रतिवादीहरु राजकुमार महतो र गफुर नदाफलाई लागु औषध (नियन्त्रण) ऐन २०३३ को दफा ४(क) बमोजिम कसुर अपराधमा दफा १४(१)(घ)(४) बमोजिम सजाय गरी बरामद भएको लु ७६ प २४७० नम्वरको मोटरसाईकल दफा १५ र १८ बमोजिम जफत हुन मागदावी लिई पेश भएको अभियोगपत्र।

७. **प्रतिवादी राजकुमार महतोले सुरु अदालतमा गरेको बयानः**- बरामदी मुचुल्का तथा प्रहरी प्रतिवेदनको ब्यहोरा झुठा हो। प्रतिवादी मध्येको गफुर नदाफले मेरो पसल छेउको मोटरसाईकल ग्यारेजमा आफ्नो मोटरसाईकल बनाउन दिई मलाई फोन गरी सो मेरो मोटरसाईकल लिई बलगंगा भन्ने ठाउँमा आउनु र म तपाईलाई किरानाको सरसामानहरु

दिई बसमा चढाई दिन्छु भनेको हुँदा निजकै लु.७६प.२४७० नम्बरको मोटरसाईकलमा जाँदै गर्दा प्रहरीले चेकजाँच गर्दा सो मोटरसाईकल पछाडिको झोलाबाट गाँजा बरामद भएको थियो। म सवार रहेको मोटरसाईकलमा गाँजा छ भन्ने कुरा मलाई थाहा थिएन। मैले सो गाँजा लुकाई छिपाई लगेको पनि होइन भन्ने समेत ब्यहोराको प्रतिवादी राजकुमार महतोले सुरु अदालतमा गरेको बयान।

८. **सुरु अदालतको थुनछेक आदेशः-** मिसिल संलग्न तत्काल प्राप्त प्रमाणहरुको आधारमा प्रतिबादी राजकुमार महतो आरोपित कसूरमा निर्दोष रहेछन भन्ने सकिने अबस्था नहुँदा पछि प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी प्रतिबादीउपरको अभियोग दावी एवं कसूरको प्रकृति समेतका आधारमा प्रतिबादी राजकुमार महतोलाई मुलुकी फौजदारी कार्यबिधि संहिता,२०७४ को दफा ७२ लाई दृष्टिगत गरी दफा ६८ बमोजिम रु.६०,०००/-(साठी हजार) नगद धरौट वा जमानत वा बैंक ग्यारेन्टी दिए लिई मुद्दा पुर्पक्षको निमित्त तारेखमा राख्नु, दिन नसके सोही संहिताको दफा ८० बमोजिम थुनुवा पुर्जि दिई थुनामा राख्न सम्बन्धित कारागार कार्यालय पठाई दिनु भनी दफा ७९ बमोजिम आदेश पर्चा गरिदिएको छ भन्ने मिति २०७९/११/२ गतेको सुरु अदालतको थुनछेक आदेश।

९. **प्रतिवादी गफुर नदाफले सुरु अदालतमा गरेको बयानः-** मैले अभियोग मागदावी बमोजिमको कसुर गरेको छैन। म प्रतिबादी राजकुमार महतोलाई विदेशमा हुँदा चिनजान भएको थियो। हाल के-कहाँ बस्छन्, थाहा भएन। मसँग निजको सम्पर्क पनि छैन।बरामद भएको लागूऔषध कसको हो थाहा छैन। मसँग उक्त लागूऔषध बरामद पनि भएको छैन। प्रतिबादीले कुन रिसइवी राखी मलाई फसाईएको हो थाहा भएन। मेरो पसल नजिक कुनै मोटरसाईकल ग्यारेज छैन। म निर्दोष हुँ। सफाई पाउँ भन्ने समेत ब्यहोराको प्रतिवादी गफुर नदाफले सुरु अदालतमा गरेको बयान।

१०. **सुरु अदालतको थुनछेक आदेशः-** मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल प्रतिबादी गफुर नदाफबाट मुलुकी फौजदारी कार्यबिधि संहिता,२०७४ को दफा ६८ तथा ७२ समेत बमोजिम नगद धरौटी रु.१०,०००/-(दश हजार रुपैयाँ) वा सो बराबरको जेथा जमानी दिए लिई तारेखमा राख्नु। माग भएको धरौटी तिर्न नसके कानुन बमोजिम थुनुवा पुर्जी दिई कारागार कार्यालय सिन्धुलीमा पठाई दिने भन्ने मिति २०७९/११/१५ गतेको सुरु अदालतको थुनछेक आदेश।

११. **प्रतिवेदक सागर राईले अदालतमा गरेको बकपत्रः-** प्रहरी प्रतिवेदनमा भएको ब्यहोरा र सहीछाप मेरै हो। जिल्ला धनुषा, औरही गाउँपालिका वडा नं.६ पोखरभिडा भन्ने ठाउँमा बेलुका १८.०० बजेको समयमा चेक पाईन्ट थाप्ने क्रममा शंकास्पद मोटरसाईकल चेकजाँच गर्ने क्रममा मोटरसाईकलको पछाडि बोरामा बाँधी राखेको बस्तु चेकजाँच गर्ने क्रममा ५ के.जी. गाँजा बरामद गरी पक्राउ पुर्जी जारी गरी मानिस सहित मोटरसाईकल र गाँजा आबश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय औरहीमा बुझाइएको थिए भन्ने समेत ब्यहोराको प्रतिवेदक स.प्र.नि.सागर राईले सुरु अदालतमा गरेको बकपत्र।

१२. **बरामदी मुचुल्काका ब्यक्ति देवनारायण मण्डलले सुरू अदालतमा गरेको बकपत्रः-** वरामदी मुचुल्कामा भएको सहीछाप मेरै हो। ब्यहोरा प्रहरीले लेखी राखेको थियो। पढीवाँची सुनाई सहिछाप मात्रै गराएको हो। बरामद भएको गाँजा ५ के.जी. प्रतिबादी गफुरबाट बरामद भएको भनि हल्ला सुनेको थिए। उक्त गाँजाको झोला गफुरको हो भनि हल्ला सुनेको थिए भन्ने समेत ब्यहोराको बरामदी मुचुल्काका ब्यक्ति देवनारायण मण्डलले सुरु अदालतमा गरेको बकपत्र।

१३. **प्रतिवादी गफुर नदाफको साक्षी खुसि ठाकुरले सुरू अदालतमा गरेको बकपत्रः-** प्रतिवादी गफुर नदाफको संगसाथबाट उक्त लागूऔषध बरामद भएको छैन। वारादात भनिएको मितिमा म आफ्नो घरमा थिए। गफुर नदाफ किराना पसल खोलेको हुँदा सोही किराना पसलमा सामान ल्याउन जाँदा गफुर नदाफ किराना पसलमा नै थियो भन्ने समेत ब्यहोराको प्रतिवादी गफुर नदाफको साक्षी खुसि ठाकुरले सुरु अदालतमा आई गरेको बकपत्र।

१४. **प्रतिवादी राजकुमार महतोको साक्षी कमल कुमार साहले सुरू अदालतमा गरेको बकपत्रः-** बरामद भएको लागू औषध गफुर नदाफको हो। किराना पसलको सामान पुऱ्याउनका लागि गफुर नदाफले फोन गर्दा म पनि त्यही थिए। सो मोटरसाईकल महेन्द्रनगरमा ग्यारेजमा छ। सोमा किरानाको सामान पुऱ्याउन गफुर नदाफले फोन गरी बोलाइएको थियो। सो ठाउँबाट राजकुमार महतो मोटरसाईकल लिई जाँदा पछि के भएको हो मलाई थाहा छैन। बरामद लागूऔषध मोटरसाईकलबाट बरामद भएको हुँदा सो लागूऔषध गफुर नदाफको हो र मोटरसाईकल पनि गफुर नदाफको हो भन्ने समेत ब्यहोराको प्रतिवादी राजकुमार महतोको साक्षी कमल कुमार साहले सुरु अदालतमा गरेको बकपत्र।

१५. **सुरु अदालतको फैसलाः-** प्रतिबादीहरु राजकुमार महतो र गफुर नदाफलाई लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) बमोजिमको कसूरमा सोही ऐनको दफा १४(१)(घ)(४) बमोजिम १ बर्ष देखि १० बर्षसम्म कैद र पाँच हजार रुपैयाँ देखि पच्चीस हजार रुपैयाँ सम्म जरिवाना हुने कानूनी व्यवस्था बमोजिम न्युनतम् जनही १(एक) बर्ष कैद र जनही रू.७०००/-(सात हजार) जरिवाना समेत हुने र प्रतिबादीहरुबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम जनही रू २००।-(दुई सय) कोषमा क्षतिपुर्ति रकम जम्मा हुने ठहर्छ। बरामद भएको लु.७६.प.२४७० को मोटरसाईकल लागूऔषध (नियन्त्रण) ऐन २०३३ को दफा १५ र १८ बमोजिम समेत जफत हुने ठहर्छ भन्ने सुरु महोत्तरी जिल्ला अदालतको फैसला।

१६. **प्रतिवादी राजकुमारको पुनरावेदनपत्रः-** सुरु अदालतको फैसला गलत रहेको छ। लु.७६ प२४७० नं.को मोटरसाईकल गफुर नदाफले चलाउने गरेको, उक्त मोटरसाईकल मिति २०७९।९।८ का दिन म पुनरावेदकको महेन्द्रनगरमा रहेको किराना पसल छेउमा रहेको वर्कसपमा रहेकोमा गफुर नदाफले फोन गरी उक्त मोटरसाईल लिई बलगंगा भन्ने ठाउँमा आउनु, म तपाईलाई किरानाको सामान दिई बसमा चढाईदिन्छु भनेकाले उक्त मोटरसाईकल लिई जाँदै गर्दा पक्राउ परेको उक्त मोटरसाईकलमा गाँजा रहेको भनी

आफुलाई थाहा नभएको र आफुले गाँजा लुकाई छिपाई ओसार पसार गरेको होइन अनुसन्धान अधिकारी समक्षको बयान व्यहोरा आफुले भने बमोजिम नलेखिएको भनी अदालत समक्ष बयान व्यहोरा लेखाएको छु। अनुसन्धन अधिकारी समक्षको बयानमा मैले भनेबमोजिम बरामद भएको मोटरसाईकल लिएर आउन गफुर नदाफले फोन गरेको छैन। उक्त मोटरसाइकल गफुर नदाफको हो होइन भन्ने सम्बन्धमा केही बुझिएको छैन। मबाट बरामद भएको उक्त मोटरसाईकल वर्कसपमा थियो थिएन भन्ने सम्बन्धमा वर्कसप संचालकलाई बुझिएको छैन। गाँजाको मुख्य व्यापारी गफुर नदाफलाई अनुसन्धान नगरी दायर गरिएको अभियोगका आधारमा सुरु फैसला गर्दा मैले किरानाको सामान भन्ने सोची मुख्य सडक मार्गबाट नै उक्त मोटरसाईकल लिई गएको तथ्य विर्सिई मेरो स्वेच्छाले नभएको अनुसन्धानको बयानलाई प्रमाणमा लिई मेरो सत्य तथ्य व्यहोराको अदालतको बयानलाई प्रमाणमा नलिई गफुर नदाफको २/४ हजारको लोभ लालचमा परेको भरियालाई र गफुर नदाफलाई एकैनासको सजाय गर्ने गरी भएको र बुझ्नु पर्ने प्रमाण नबुझी नबुझ्नु पर्ने प्रमाण बुझी फैसला गरको हुँदा उक्त फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ समेत विपरीत रहेकोले सुरुको फैसला उल्टी गरी अभियोग दावीबाट सफाई पाउँ भन्ने प्रतिवादी राजकुमार महतोको पुनरावेदनपत्र।

१७. **प्रतिवादी गुफर नदाफको पुनरावेदनपत्रः-** म र प्रतिवादी राजकुमार महतोले अनुसन्धान अधिकारी समक्ष वयान गर्दा विगत ३/४ वर्ष अघिदेखि नै जिल्ला धनुषा औरही गाउँपालिकाको खरिहानी टोलमा वस्ने गफूर मियाँसँग चिनजान भई गफूर मियाँले बिभिन्न ठाउँमा विक्री गर्ने काम गर्थे भनेको छ। प्रतिवादी राजकुमार महतोले भनेको व्यक्ति म पुनरावेदक नै हो भन्ने प्रमाण समेत अनुसन्धान अधिकारीले संलग्न गर्न सकेको छैन। प्रतिवादी राजकुमार महतोले अनुसन्धान क्रममा पोल हुने व्यक्ति गपुर मियाँ रहेको छ भने मेरो नाम गफुर नदाफ रहेको छ। प्रतिवादी राजकुमार महतोसँग सम्पर्क रहेको छैन। बरामद भएको लागु औषध कसको हो थाहा रहेको छैन।प्रतिवादी राजकुमार महोतबाट लागू औषध बरामद भएको वरामदी मुचुल्का भएको देखिई मेरो साथबाट लागु औषध बरामद भएको छैन।जुन ब्यक्तिबाट गाजा बरामद भएको छ, सोही व्यक्तिले सो उपरको जिम्मेवारी लिनु पर्ने हुन्छ। मेरो साक्षी खुसि ठाकुरले मेरो बयानलाई समर्थन हुने गरी वकपत्र गरेको छ। प्रतिवादी राजकुमार महतोको साथबाट बरामद भएको गाजाँ सम्बन्धमा प्रतिवादी राजकुमार नै जिम्मा लिनु पर्ने हो। म निर्दोष रहेको तथ्य मिसिल सलंग्न कागजबाट देखिरहेको हुँदा कानून विपरीत देखाएको घटनामा मेरो कुनै संलग्नता रहेको छैन। वारदातमा नै नभएको व्यक्तिउपर अभियोग दायर गरेको हुनाले वादी नेपाल सरकारको अनुमान र शंकाको भरमा मलाई सजाय गरेको फैसला बदर गरी पाउँ भन्ने पुनरावेदनपत्र।

१८. यसमा धनुषा जिल्ला अदालतको मिति २०८०/०३/१८ को फैसला उपर अर्का प्रतिवादी गफुर नदाफ समेतको पुनरावेदन यस अदालतमा मिति ०८०/१२/२० मा धरौटी नं. ४०७ मा दर्ता भई कारवाहीयुक्त अवस्थामा रहेको देखिदा सो पुनरावेदन दर्ता

भएपछि दुवै पुनरावेदन एक साथ राखी नियमानुसार गरी पेश गर्नुहोला भन्ने समेत व्यहोराको यस अदालतको मिति २०८१।०२।१६ गतेको आदेश।

१९. यसमा पुनरावेदक प्रतिवादी गफुर नदाफबाट गाँजा बरामद नभएको र आरोपित कसूरमा अदालतको बयानमा इन्कार रहेको, निज स्वयंको सनाखत नगराई फोटो सनाखत गराएको देखिएको र प्रतिवादी राजकुमार महतोबाट बरामद भएको मोटरसाइकल कसको हो भन्ने यकिन नगरी जफत गर्ने ठहर गरेको शुरु धनुषा जिल्ला अदालतबाट मिति ०८०-०३-१८ मा भएको फैसलामा प्रमाण मूल्यांकन तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २४, लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १७ र १८ को व्याख्याको रोहमा विचारणीय हुँदा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २१३(३) को प्रयोजनार्थ प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उच्च सरकारी वकिल कार्यालय जनकपुरलाई दुवै पुनरावेदनपत्र सहितको पेशीको जानकारी दिई नियमबमोजिम पेश गर्नु भन्ने समेत व्यहोराको यस अदालतको मिति २०८१।०४।१६ गतेको आदेश।

## ठहर खण्ड

२०. नियमानुसार साप्ताहिक तथा दैनिक पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा पर्न आएको पुनरावेदनपत्र सहितको सुरु मिसिल समेत अध्ययन गरी पुनरावेदक प्रतिवादी राजकुमार महतको तर्फबाट उपस्थित विद्वान अधिवक्ता द्धय सुवोधकुमार मण्डल र राकेशकुमार साहले सहप्रतिवादी गफूर नदाफको मोटरसाईकल लिई जाँदै गर्दा प्रतिवादी राज कुमार महतो पक्राउ परेको देखिएको, उक्त मोटरसाईकलमा गाँजा रहेको निजलाई थाहा नभएको र निजले गाँजा लुकाई छिपाई ओसारपसार गरेको होइन भनी अदालत र अनुसन्धान अधिकारी समक्ष बयान व्यहोरा लेखाएका छन्। गफुर नदाफसँग फोन सम्पर्क भएको देखिन्छ। आफुले भने बमोजिम प्रहरीले व्यहोरा नलेखेको भनी राज कुमार महतोले अदालत समक्ष बयान व्यहोरा लेखाएको छन्। बरामद भएको मोटरसाईकल सह-प्रतिवादी गफुर नदाफले फोन गरी ल्याउन भनेको भनी बयान गरेकोमा सो मोटरसाइकल कसको हो भनी केही बुझिएको छैन। प्रतिवादीले किरानाको समान भनी भरियाको रूपमा काम गरेको भनी सही सत्य कुराको बयान गरेकोमा सुरू अदालतबाट त्यसलाई नजरअन्दाज गरिएको छ। राजकुमार महतोबाट बरामद भएको उक्त मोटरसाईकल वर्कसपमा थियो थिएन भन्ने सम्बन्धमा पनि वर्कसप संचालकलाई बुझिएको छैन। प्रतिवादी राजकुमार महतोले सत्य तथ्य व्यहोराको अदालतको बयानलाई प्रमाणमा नलिई गरेको सुरू फैसला त्रुटिपुर्ण हुँदा उल्टी गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

२१. पुनरावेदक प्रतिवादी गफुर नदाफको तर्फबाट उपस्थित विद्वान अधिवक्ता अर्जुन कुमार थापाले प्रतिवादीको साथबाट लागु औषध बरामद भएको छैन। प्रतिवेदकले समेत प्रतिवादीलाई पोल गरेको देखिदैन। बरामद भएको मोटरसाइकल प्रतिवादी गफुर मियाको होइन। सहप्रतिवादी राजकुमार महतोले अनुसन्धानको क्रममा पोल गरेको

व्यक्ति गपुर मियाँ रहेको छ भने पुनरावेदकको नाम गफुर नदाफ रहेको छ। सहप्रतिवादीले पोल गरेको व्यक्तिको वतन समेत प्रतिवादी गफूर नदाफको वतनभन्दा फरक रहेको छ। प्रतिवादी राजकुमार महतोले भनेको व्यक्ति यी प्रतिवादी नै हुन् भन्ने प्रमाण समेत वादीबाट पेस गर्न सकिएको छैन।यी प्रतिवादीको सह-प्रतिवादी राजकुमार महतोसँग सम्पर्क रहेको छैन। अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको अवस्थामा सहप्रतिवादीको पोल बयानको आधारमा मात्र कसूर ठहर गर्न मिल्दैन। पुनरावेदक प्रतिवादी गफुर नदाफको दावीको कसूरमा कुनै संलग्नता नरहेको र वारदातमा नभएको व्यक्तिउपर अनुमान र शंकाको भरमा अभियोगपत्र दायर गरेको र कसूर ठहर गरेको सुरू फैसला नमिलेकोले उल्टी गरी पाउँ भनी गर्नु भएको बहस सुनियो।

२२. वादी नेपाल सरकारको तर्फबाट उच्च सरकारी वकील कार्यालय जनकपुरका विद्वान सहन्यायाधिवक्ता राजन खनालले प्रतिवादी राजकुमार महतोले अदालत तथा अनुसन्धानको बयानमा भरियाको रूपमा बोराको लागू औषध बोकेर लगेमा रकम पाउने लोभमा लागू औषध बोकेको पनि स्वीकार गरेका छन्। प्रतिवादी राजकुमार महतोको साथबाट लागू औषध बरामद भएको भन्ने बरामदी मुचुल्का, प्रहरी प्रतिवेदन र प्रतिवेदकको बकपत्र समेतबाट देखिएको छ। दुवै जनाको मिलेमतोमा कसूर भएको देखिएको छ। प्रतिवादीहरूको सावित‍ि बयान समेतका आधारमा उक्त लागू औषध ओसारपसारमा दुबै जना प्रतिवादीहरुको उतिकै संलग्नता देखिएकोले दुवै प्रतिवादीहरूलाई अभियोग दावीबमोजिम सजाय गर्ने सुरू जिल्ला अदालतको फैसला मिलेको हुँदा सदर गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस सुनियो।

२३. उल्लिखित तथ्य रहेको प्रस्तुत मुद्दामा मिसिल अध्ययन गरी पुनरावेदक प्रतिवादीहरू र वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान कानून व्यवसायीहरूको बहस सुनी शुरु जिल्ला अदालतबाट भएको फैसला मिलेको छ, छैन? प्रतिवादीहरुको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने प्रश्नहरुमा केन्द्रित भई निर्णय दिनु पर्ने देखियो।

२४. निर्णयतर्फ विचार गर्दा, मिसिल संलग्न बरामदी मुचल्का, प्रहरी प्रतिवेदन, प्रतिवादीहरूको बयान समेतका आधारमा प्रतिवादीहरु राजकुमार महतो र गफुर नदाफलाई लागु औषध (नियन्त्रण) ऐन २०३३ को दफा ४(क) बमोजिमको कसुरमा दफा १४(१)(घ)(४) बमोजिम सजाय गरी बरामद भएको लु ७६ प २४७० नम्वरको मोटरसाईकल दफा १५ र १८ बमोजिम जफत हुन मागदावी लिई अभियोगपत्र पेश गरेको देखिन्छ। प्रतिबादीहरु राजकुमार महतो र गफुर नदाफलाई अभियोग दावीबमोजिमको लागू औषध (नियन्त्रण) ऐन,२०३३ दफा ४(क) बमोजिमको कसूरमा दफा १४(१)(घ)(४) बमोजिम जनही एक बर्ष कैद र जनही रू.७०००/-(सात हजार) जरिवाना समेत हुने हुने ठहऱ्याई भएको सुरु धनुषा जिल्ला अदालतको फैसला चित्त नबुझाई दुवै प्रतिवादीहरूको छुट्टाछुट्टै पुनरावेदन पर्न आएको देखियो।

२५. अब प्रतिवादी राजकुमार महतोको हकमा विचार गर्दा निजले चलाइ ल्याएको मोटरसाइकलको सिट पछाडि राखेको प्लाष्टिकको बोरामा ५ केजी गाजाँ वरामद भएको

खानतलासी तथा वरामदी मुचुल्का, प्रतिवेदकको सोही व्यहोराको प्रतिवेदन समेतबाट देखियो। प्रतिवादी गफुर नदाफले मेरो पसल छेउको ग्यारेजमा आफ्नो मोटरसाईकल बनाउन दिई मलाई फोन गरी सो मोटरसाईकल लिई बलगंगा भन्ने ठाउँमा आउनु र म तपाईलाई किरानाको सरसामानहरु दिई बसमा चढाई दिन्छु भनेको हुँदा निजकै लु.७६प.२४७० नम्बरको मोटरसाईकलमा जाँदै गर्दा प्रहरीले चेकजाँचको क्रममा मोटरसाईकल पछाडिको झोलाबाट गाँजा बरामद भएको थियो, उक्त मोटरसाईकलमा गाँजा छ भन्ने कुरा आफूलाई थाहा थिएन भन्ने समेत ब्यहोराको प्रतिवादी राजकुमार महतोले सुरु अदालतमा कसूरमा इन्कार रही बयान गरेको देखिए तापनि निजले अनुसन्धानमा बयान गर्दा मलाई मेरो पसलको आम्दानीले घर खर्च चलाउन तथा ऋण चुक्ता गर्न असम्भव देखेकोले मैले छिटो पैसा कमाउने उपाय सोचिरहेकोमा औरही गाँउपालिकाको एकिन वडा थाहा नभएको गफूर मियासँग चिनजान भई निजले ९८४३१६६३९६ नम्बरबाट मलाई टेलिफोन गरी गफूर मियाको घर अगाडिको बजारमा बोलाई लु७६प २४७० नम्वरको मोटरसाईकल र बोरामा ५ के.जी. गाँजा महेन्द्रनगरबाट बोर्डर नजिक खरियानी बजारसम्म पुऱ्याए बापत रू.४,०००को सरसामानहरु खरीद गरी दिनेछु भनेकोले सोही अनुसार मैले उक्त गाँजा मोटरसाईकलमा पुऱ्याउँन जादा पोखरभिण्डामा प्रहरी टोलीले मोटरसाईकल खानतलासी गर्दा मबाट ५ के.जी गाँजा बरामद गरेको हो भनी सहप्रतिवादी गफुर मियाको निर्देशनबमोजिम गाजाँ लगेकोमा सावित रही बयान गरेको देखियो। प्रतिवादीको साक्षी कमलकुमार साहले प्रतिवादीको अदालतको बयानलाई समर्थन गरी बकपत्र गरेको भएतापनि प्रतिवेदक सागर राई र अनुसन्धानमा कागज गर्ने देवनारायण मण्डलले प्रतिवादीको साथबाट लागू औषध वरामद भएको भनी अदालतमा बकपत्र गरेको देखियो। सहप्रतिवादी गफूर नदाफले राजकुमार महतोबाट वरामद लागू औषध र मोटरसाइकल आफ्नो नभएको तथा आफूले राजकुमार महतोलाई लागू औषध गाजाँ ल्याउन नभनेको भनी अदालतमा बयान गरेको देखियो।

२६. माथि उल्लेख भएबमोजिम प्रतिवादी राजकुमार महतोको साथबाट लागू औषध बरामद भएको बरामदी मुचुल्काबाट देखियो। प्रतिवेदकले वरामदी मुचुल्कालाई समर्थन हुने गरी प्रतिवेदन पेस गर्नुका साथै अदालतमा सोहीबमोजिम बकपत्र गरेको देखियो। आफूबाट उक्त लागू औषध वरामद भएकोमा प्रतिवादी सावित रही अनुसन्धान तथा अदालतमा बयान गरेको देखियो। आफूले लागू औषधको कारोवार नगरेको तथा आफूलाई गफुर मियाले ल्याइदिनु भनी अह्राएको बोरामा लागू औषध छ भन्ने थाहा नभएको तर पैसाको लोभमा सहप्रतिवादी गफूर मियाले अह्राएबमोजिम उक्त बोराको सामान पुऱ्याइदिन लगेको भनी बयान गरे पनि सहप्रतिवादी गफूर मियाले सो पोलमा इन्कार रही बयान गरेको देखियो। कुनै प्रतिबन्धित वस्तु कसैको साथबाट फेला पर्नु नै आपराधिक कार्य गरेको मानिने प्रकृतिको अपराधलाई Possessory Crime को सिद्धान्तलाई लागू औषध ऐन, २०३३ को दफा १२ ले स्वीकार गरेको देखियो। त्यस प्रकारको अपराधमा आपराधिक कार्य स्थापित भएपछि निर्दोषिता प्रमाणित गर्ने भार उक्त दफाले

प्रतिवादीमा राखेको पाइयो। यस्तै प्रकृतिको एउटा मुद्दामा "आफुले बोकी ल्याएको ब्यागमा लागु औषध भएको तथ्य थाहा थिएन भनी प्रतिवादीले आफ्नो अज्ञानता देखाए पनि कानूनबमोजिम कसूर ठहरिने कार्यको अज्ञानतावाट सजांयमा छुट हुन्छ भन्न नमिल्ने" भनी सर्वोच्च अदालतबाट व्याख्या भएको देखिन्छ।[1] उक्त लागू औषध अन्य व्यक्तिको भन्ने प्रमाणबाट पुष्टि भएको देखिएन। यस आधारमा प्रतिवादी राजकुमार महतोको मोटरसाइकलबाट वरामद भएको गाजाँ निज प्रतिवादीको भन्ने नै देखियो। वरामदी मुचुल्का समेतले प्रतिवादीको अनुसन्धानको बयानलाई समर्थन गरेको देखिदा निजलाई अभियोग दावीको कसूर कायम गरी सजाय गरेको हदसम्म सुरू फैसला अन्यथा देखिएन।

२७. अर्का प्रतिवादी गफूर मियाको हकमा विचार गर्दा निजलाई सहप्रतिवादी राजकुमार महतोको पोल बयानको आधारमा अभियोजन गरेको देखिन्छ।प्रतिवादी गफूर नदाफ अनुसन्धानमा पक्राउ नपरेको र निजले अदालतमा बयान गर्दा आरोपित कसूरमा इन्कार रही बयान गरेको देखिन्छ। निजको साथबाट लागू औषध बरामद भएको पनि देखिदैन।सहप्रतिवादी राजकुमार महतोले प्रयोग गरेको अवस्थामा लागू औषध गाजाँसहित पक्राउ परेको मोटरसाइकल आफ्नो होइन भनी प्रतिवादी गफूर नदाफले अदालतमा बयान गरेको देखियो। सहप्रतिवादी राजकुमार महतोले अनुसन्धानमा औरहीको गपुर मियाले आफूलाई अह्राएको भनी पोल वयानमा उल्लेख गरेकोमा आफ्नो नाम र वतन सो होइन भनी बयान गरेको देखियो। गफूर नदाफले बयानमा आफ्नो वतन धनुषा जिल्लाको विदेह नपा वडा नं ९ इटर्वा भनी उल्लेख गरेको र निवेदनसाथ पेस गरेको नेपाली नागरिकताको प्रमाणपत्रमा निजको वतन धनुषा जिल्लाको इटहर्वा भन्ने उल्लेख गरेको देखियो। सहप्रतिवादी राजकुमार महतोले पोल गरेका प्रतिवादी अभियोजन गरिएका गफुर नदाफ नै हुन् भनी सनाखत गराएको पनि देखिएन।

२८. सहप्रतिवादी राजकुमार महतोको पोल बयानको आधारमा प्रतिवादी गफूर नदाफलाई अभियोजन गरेको देखियो। सहअभियुक्तको पोल बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि भएको अवस्थामा मात्र प्रमाणमा लिन हुने प्रमाण ऐन, २०३१ को दफा ९क. ले व्यवस्था गरेकोमा प्रतिवादी गफूर नदाफउपरको सह अभियुक्तको अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको देखिएन। प्रतिवादी गफूर नदाफको साथबाट लागू औषध बरामद नभएको, निज वारदातस्थलमा समेत उपस्थित नरहेको र अन्य स्वतन्त्र प्रमाणबाट दावीको कसूरमा गफूर नदाफको संलग्नता पुष्टि नभएको अवस्थामा लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा १२ बमोजिम राजकुमार महतोबाट वरामद भएको लागू औषधमा प्रतिवादी गफूर नदाफलाई कसूरदार ठहर गर्न मिल्ने देखिएन। प्रमाण ऐन, २०३१ दफा २५ बमोजिम वादी पक्षले प्रतिवादीउपरको अभियोग दावी बस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा प्रतिवादीलाई सहप्रतिवादीको पोल तथा अनुमान र आशंकको आधारमा कसूरदार कायम गर्न मिल्ने देखिएन। शंकाको सुविधा अभियुक्तले पाउने देखियो। तसर्थ प्रतिवादी गफुर नदाफलाई अभियोग दावीबमोजिम

[1] डम्बरबहादुर भन्ने किर्तिबहादुर चन्द समेत विरूद्ध नेपाल सरकार, **नेकाप २०६९ असार,** नि नं ७०७०

कसूर कायम गरी सजाय गरेको सुरू धनुषा जिल्ला अदालतको फैसला निजको हकमासम्म मिलेको देखिएन।

२९. अतः माथि उल्लिखित कारण र प्रमाण समेतका आधारमा सह-प्रतिवादी राजकुमार महतोको पोल वयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको अवस्थामा प्रतिवादी गफुर नदाफलाई अभियोग दावी बमोजिम लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(क) को कसूरमा दफा १४(१) (घ) (४) बमोजिम सजाय गर्ने सुरु धनुषा जिल्ला अदालतको मिति २०८०।०३।१८ को फैसला मिलेको नदेखिदा सो हदसम्म उल्टी भई प्रतिवादी गफुर नदाफले अभियोग दावीबाट सफाई पाउने र अर्का प्रतिवादी राजकुमार महतोको हकमा सुरू धनुषा जिल्ला अदालतबाट भएको फैसला मिलेको देखिदा सदर हुने ठहर्छ। प्रतिवादी राजकुमार महतोको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

**तपसिल**

- प्रतिवादी गफुर नदाफले अभियोग दावीबाट सफाई पाउने ठहरेकोले सुरू फैसलाबमोजिम निजलाई लागेको सजायको लगत कट्टा गरिदिनु भनी सुरू अदालतमा लेखि पठाउनू.........१
- प्रतिवादी गफुर नदाफले सुरू अदालतमा पुर्पक्षको क्रममा राखेको धरौट रू १०,०००। र यस अदालतमा पुनरावेदन गर्दा रनं ४२२ बाट मिति २०८१।२।२३ मा राखेको रू ९९,७००। प्रस्तुत मुद्दा अन्तिम भएपछि फिर्ता पाउँ भनी निजको कानूनको म्यादभित्र निवेदन परेमा फिर्ता दिनू भनी सुरू अदालत तथा यस अदालतको लेखा शाखामा लेखी पठाउनू...............................................................................................२
- प्रस्तुत फैसलाको प्रतिलिपि सहितको जानकारी उच्च सरकारी वकील कार्यालय जनकपुरलाई दिनू...................................................................................................३
- सरोकारवालाले नक्कल माग्न आए लाग्ने दस्तुर लिई नक्कल दिनू ........................ ...४
- प्रस्तुत फैसलालाई विद्युतीय प्रणालीमा अपलोड गर्नू.................... ..........................५
- दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू ..............................६

(श्रीकान्त पौडेल)
**मुख्य न्यायाधीश**

उक्त रायमा सहमत छु।

(ओम प्रसाद अर्याल)
**न्यायाधीश**

***फैसला लेखनमा सहयोग गर्ने :***

इजलास अधिकृतः सुनिल कुमार चौहान

टाईप गर्नेः चाँदनी शर्मा

इति सम्वत् २०८१ साल पुस २४ गते रोज ४ शुभम् ..........................................।

प्रमाणीकरण मिति : २०८१।१०।